केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/०६/०६८/६९ मिति: २०६८/०५/१९

**इजाजतपत्रप्राप्त "ख", "ग" र "घ" वर्गका वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "ख", "ग" र "घ" वर्गका वित्तीय संस्थाहरुको लागि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ८४ मा भएको व्यवस्था समेतको आधारमा प्रमुख कार्यकारी अधिकृतको तलब सुविधा निर्धारण गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायको "इजाजतपत्रप्राप्त "ख", "ग" र "घ" वर्गका वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतको तलव सुविधा निर्धारण सम्बन्धी मार्गदर्शन" जारी गरिएको छ।

(१) वित्तीय संस्थाका संचालक समितिले प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुको पारिश्रमिकको सम्बन्धमा विद्यमान पारिश्रमिकको समीक्षा तथा मूल्याङ्कन गर्ने प्रणालीको विकास गरी "पारिश्रमिक निर्धारण नीति" बनाउनु पर्ने र उक्त नीतिमा प्रमुख कार्यकारी अधिकृत लगायत अन्य सम्पूर्ण कर्मचारीहरुको पारिश्रमिक निर्धारण सम्बन्धमा स्पष्ट र पारदर्शी व्यवस्था हुनु पर्ने छ।

(२) बुँदा नं. (१) अनुसारको नीति बमोजिम परिश्रमिक निर्धारणको लागि सिफारिश गर्ने जिम्मेवारी यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६८ को निर्देशन नं. ६ को बुँदा नं. २ को खण्ड (ठ) मा उल्लिखित कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा सम्बन्धी व्यवस्था अन्तरगत गैरकार्यकारी संचालकको संयोजकत्वमा गठित "कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा उपसमिति" को हुने छ। उपसमितिले प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुको पारिश्रमिक संरचनाको अध्ययन तथा विश्लेषण गर्नु पर्ने छ।

(३) उपसमितिले प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक निर्धारणको लागि सिफारिस गर्न विगत तीन वर्षको वित्तीय स्थिति र भविष्यमा लिइने व्यवसायिक योजना समेतलाई मध्यनजर गरी देहायका विषयहरुलाई प्राथमिक आधारका रुपमा लिनु पर्ने छः-

- पूँजीको प्रतिफलदर,
- व्यवसायको आकार (कर्जा, लगानी र निक्षेप परिचालन),
- संचालन मुनाफाको स्थिति,
- भविष्यमा व्यवसाय वृद्धिका आधारहरु,
- संस्थामा निहित जोखिम,
- शैक्षिक योग्यता, अनुभव तथा नेतृत्व क्षमता।

(४) यसरी अध्ययन विश्लेषण गर्दा खण्ड (३) मा उल्लिखित आधारहरुका अतिरिक्त आफ्नो संस्थासंग मिल्दोजुल्दो पूँजीको प्रतिफलदर, व्यवसायको आकार, सञ्चालन मुनाफा भएका संस्थाहरुले प्रमुख कार्यकारी अधिकृतलाई उपलब्ध गराएको तलव तथा भत्ता र संस्था स्वयंको सहायक स्तर (जुनियर असिस्टेण्ट) देखि प्रमुख कार्यकारी अधिकृत बीचको पारिश्रमिक भिन्नता औचित्यपूर्ण हुने गरी तलव तथा भत्ता निर्धारण गर्नुपर्ने छ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(५) पारिश्रमिक निर्धारण सिफारिश उपसमितिले उपरोक्त आधारहरुमा प्रमुख कार्यकारी अधिकृतको तलब तथा भत्ता सम्बन्धी सुझाव सञ्चालक समितिलाई पेश गर्नु पर्ने छ । उक्त उपसमितिले पेश गरेको सुझावको आधारमा सञ्चालक समितिले सो सम्बन्धमा अन्तिम निर्णय गर्नु पर्ने छ।

(६) संस्थाले पारिश्रमिक निर्धारण नीति, पारिश्रमिक निर्धारणका आधारहरु, प्रमुख कार्यकारी अधिकृत सहित अन्य कर्मचारीहरुको पारिश्रमिकको तुलनात्मक भिन्नता दर यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पठाउनु पर्ने छ।

(७) प्रमुख कार्यकारी अधिकृतले पाउने कार्य सम्पादनमा आधारित पारिश्रमिक र अन्य आर्थिक सुविधाहरु यस बैंकबाट मिति २०६७/८/१० मा जारी मार्गदर्शन बमोजिम गर्नु पर्ने छ।

भवदीय,

भाष्करमणि ज्ञवाली
कार्यकारी निर्देशक

बोधार्थ :
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१०. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
११. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
१२. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।